
मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२७ औं वर्षमा Purwanchal National Daily

जाडोमा यसरी जोगाऔं मुटुः पृष्ठ २मा



◆ वर्ष : २७ ◆ अङ्क : ९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ मंसीर ९ गते बिहीवार (Thursday, November 25. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

नेपाली कांग्रेसको १४औं महाअधिवेशन

# नेतृत्वका लागि दुई प्यानल मैदानमा

देउकुमार थेवे नेतृत्वको प्यानल | राम कट्टेल नेतृत्वको प्यानल



देउकुमार थेवे, शेरबहादुर भट्टराई, केशवराज पाण्डे, कृष्ण हुमागाई, नवीन विमली, कमल भण्डारी, कालेन्द्र राजवंशी, राम कट्टेल, शम्शेर (केदार) गिरी, प्रेम सम्वाहाम्फे, विश्वदीप लिङ्देन, टोम राजवंशी, पदम लिम्बू, उमराज प्रसाई

**झापा, मंसीर ८।** नेपाली कांग्रेस झापाको नेतृत्व चयनका लागि छुट्टाछुट्टै दुई वटा समूहले उम्मेदवारी सार्वजनिक गरेका छन् ।

मंसीर १० गते हुने पार्टीको १४औं अधिवेशनमा नेतृत्व चयनका लागि सहमति नजुटेपछि देउकुमार थेवे र राम कट्टेलले छुट्टाछुट्टै प्यानल खडा गरी उम्मेदवारहरुको नाम सार्वजनिक गरेका हुन् । १२औं महाधिवेशनमा जिल्लाको उपसभापति रहेका थेवेलाई पार्टीका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले साथ दिएका छन् भने १३औं महाधिवेशनबाट उपसभापति बनेका कट्टेललाई पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले साथ दिएका छन् ।

'देउकुमार थेवे जिताऔं अभियान' को सचिवालयमा वुधवार बिहान पत्रकार सम्मेलन गर्दै सभापति पदका उम्मेदवार देउकुमार थेवेले आफ्नो टिमको नाम सार्वजनिक गरेका छन् । थेवेको टिममा उपसभापतिमा शेरबहादुर भट्टराई र केशवराज पाण्डे छन् । त्यस्तै सचिवमा कृष्ण हुमागाँई र नवीन बिमली, सहसचिव कालेन्द्र राजवंशी र कमल भण्डारी उम्मेदवार रहेका छन् ।

आफ्नो टिम समावेशी र जुझारु भएको बताउँदै थेवेले सभापतिका उम्मेदवार आफू क्षेत्र नं. ४को उपसभापति भट्टराई क्षेत्र नं. ५, उपसभापति पाण्डे क्षेत्र नं. १, सचिव हुमागाँई क्षेत्र नं. २, सचिव बिमली क्षेत्र नं. ३, सहसचिव राजवंशी क्षेत्र नं. ३ र अर्का सहसचिवका उम्मेदवार भण्डारी क्षेत्र नं. ४ बाट रहेको बताए ।

आफ्नो टिमको घोषणा गर्दै जिल्ला सभापतिका उम्मेदवार थेबेले १३औं महाधिवेशनमा भएको भद्र सहमतिका आधारमा अग्रज नेताहरुको समर्थनमा आफू साझा र सहमतिको उम्मेदवार भएको बताए । आगामी दिनमा पार्टीलाई चुस्तदुरुस्त बनाएर लैजान, आफू नेतृत्वको टिमलाई जिताउन थेवेले सम्पूर्ण क्षेत्रीय प्रतिनिधि समक्ष आग्रह समेत गरे ।

उम्मेदवार घोषणा कार्यक्रमका प्रमुख अतिथि केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीले झापा कांग्रेसको नेतृत्वमा 'बाघ' नै आउनुपर्ने धारणा राखे । उनले भने- 'झापा जिल्लामा लर्तरो मान्छेले जिल्ला चलाउन सक्दैन, स्यालले जिल्ला चलाउँदैन बाघ नै चाहिन्छ । वाघको गुण पनि हुन्छ अवगुण पनि हुन्छ । अब बाघ किन चाहियो भने केपी ओलीको जिल्लामा भोलि हामी निर्वाचनमा जाँदैछौं, त्यसकारण सशक्त नेतृत्व चाहिन्छ, यो नेतृत्व गर्ने नेता हामीलाई चाहिन्छ र त्यो देउकुमार नै हो ।'

आन्तरिक अधिवेशनमा कसैको पनि हारजीत नहुने भन्दै उनले आगामी आम निर्वाचनमा प्रतिपक्षीसँग भीड्न सांगठनिक एकता आवश्यक रहने बताए । जिल्ला अधिवेशनमा कडा प्रतिष्पर्धा हुने भएकाले आफ्ना प्यानलका उम्मेदवारलाई जिताउन चुनावमा कटिवद्ध भएर लाग्न कार्यकर्ताहरुलाई निर्देशन समेत दिए ।

कार्यक्रममा बोल्दै पार्टीका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले राजनीतिमा भद्र सहमति हुने बताउँदै भद्र सहमतिको पालना गर्नुपर्नेमा जोड दिए । नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले उम्मेदवारहरुको परिचय गराउँदै देउकुमार थेवेको टिम जुझारु र समावेशी एवम् शिक्षा, पत्रकारिता, राजनीति एवम् सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरु रहेको भन्दै टिमलाई नै जिताउन आग्रह गरे । पार्टीका केन्द्रीय सदस्य गोपालकुमार

*(बाँकी अन्तिम पृष्ठमा)*

## दमकबाट ९ जना जुवाडे पक्राउ

**दमक, मंसीर ८।** जुवाको अखडा बनेको झापाको दमकबाट फेरि ९ जना जुवाडे पक्राउ परेका छन् ।

दमक-५बस्ने टेकबहादुर कार्कीको घरको कोठाभित्र जुवाजन्य तास खेलिरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट गएको प्रहरी टोलीले छापा मारेको थियो । त्यसक्रममा तीन बुक तास र नगद २९ हजार ७ सय ४५ रुपैयाँसहित ती जुवाडे पक्राउ परेका थिए ।

पक्राउ पर्नेहरुमा घरधनी दमक-५ बस्ने ४६ वर्षीय टेकबहादुर कार्की, सोही ठाउँका ५१ वर्षीय कुशराज खत्री, ५४ वर्षीय सुरेश भण्डारी, ३८ वर्षीय नारायण कडरिया, २९ वर्षीय प्रदीप थापा, ४१ वर्षीय सूर्य न्यौपाने, ४८ वर्षीय खगेन्द्र भुजेल, ४० वर्षीय खगेन्द्र राजवंशी र कमल-५ बस्ने ३० वर्षीय सुरेश सुव्वा रहेका छन् । यसअघि एक साताभित्र दमकबाट १२ जना जुवाडे पक्राउ परिसकेका छन् ।

एमालेको १०औं महाधिवेशन

## झापाबाट ५ जना मनोनित

**झापा, मंसीर ८।** नेकपा एमालेको १० औं महाधिवेशनका लागि झापाबाट दुर्गा प्रसाईसहित पाँच जना मनोनित भएका छन् ।

नेकपा एमालेको स्थायी कमिटीको बैठकले मेडिकल व्यवसायी प्रसाई सहित महाधिवेशन प्रतिनिधिका रुपमा गीता अधिकारी, जलवर्षा राजवंशी, गोविन्द थापा र अमर शिवाकोटीलाई मनोनित गरेको हो ।

प्रसाई वीएण्डसी अस्पताल बिर्तामोड र पूर्वाञ्चल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक हुन् । पार्टीको स्थायी कमिटी बैठकले यो संगै १०६ जनालाई मनोनित गरेको बताइएको छ ।

कूल प्रतिनिधिको ५ प्रतिशत मनोनित गर्ने वैधानिक व्यवस्था अनुसार १०६ जना मनोनीत भएका हुन् । यसैगरी, माओवादी केन्द्रबाट आएका बालकृष्ण ढुंगेल, कृष्ण केसी लगायत पनि महाधिवेशन प्रतिनिधि चयन भएका छन् ।

# आजबाट लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

**झापा, मंसीर ८।** प्रदेश नं. १को सामाजिक विकास मन्त्रालयको आयोजनामा बिहीबारबाट लैङ्गिक हिंसाविरुद्धको १६ दिने साझा अभियान शुरु हुने भएको छ ।

सामाजिक विकास मन्त्री जयराम यादवको अध्यक्षतामा बसेको बैठकको निर्णय बमोजिम 'घरैबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं' भन्ने नाराका साथ मंसीर ९ गतेदेखि मंसीर २४ गतेसम्म साझा अभियान सञ्चालन हुने भएको हो । मन्त्री यादवको अध्यक्षतामा गठित मूल समारोह समितिले बिहीबार बिहान ७ वजे विराटनगर देवकोटा चौकबाट अभियानको शुरुवात गर्ने सामाजिक विकास महाशाखा प्रमुख दुर्गा भण्डारी बरालले बताइन् । उनले अभियानको पहिलोदिन बिहान ७ बजे देवकोटा चौकबाट र्‍याली निकालेर बजार परिक्रमा गर्दै पुनः देवकोटा चौकमै आएर समापन गर्ने कार्यक्रम रहेको जानकारी दिए ।

अभियान अन्तर्गत मन्त्रालयले मंसीर ९ गते साँझ ५ बजे ट्राफिक चौकमा दीप प्रज्ज्वलन गरिने कार्यक्रम पनि तय गरेको छ । बिहीबारदेखि १६ दिनसम्म जनचेतनामूलक विविध कार्यक्रम समेत सञ्चालन गर्ने मन्त्रालयको तयारी छ । साझा अभियानमा सरकारी निकायहरुका साथै मानव अधिकार सञ्जाल, अन्तरपार्टी महिला सञ्जाल, नेपाल बार एशोसिएशन, विराटनगरका सामुदायिक विद्यालय, ओसीएमसी कोशी अस्पताल, गैसस महासंघ, माइती नेपाल लगायतका संस्थाहरुको सहभागिता रहेको छ ।

## बिर्तामोडमा मन्टेश्वरी तालिममा भर्ना खुल्यो

**विगत १० वर्षदेखि मन्टेश्वरी तालिम सञ्चालन गर्द आएको र ५००० भन्दा बढी तालिम पश्चात शिक्षण पेशामा आवद्ध भएको यस बेष्ट फ्युचर मन्टेश्वरी ट्रेनिङ्ग सेन्टरमा विशेष छुटका साथ यही मिति २०७८/०८/१२ गते आइतबारबाट एक हप्ते, एक महिने तथा तीन महिने कोर्षमा भर्ना खुलेको जानकारी गराइन्छ । इच्छुकले आजै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।**

***नोटः वेष्ट फ्युचर मन्टेश्वरी स्कूलमा १८ महिनादेखि ३ वर्षसम्मका नानी-बाबुहरुका लागि* Play Group *मा भर्ना खुलेको जानकारी गराइन्छ ।***

**सम्पर्क फोन : ०२३-५४२६४७,**
**मो. ९८४९२५९७२९, ९८४१८९७४४७, ९८४२१००७६०**
Email : bestfuturemtcbn@gmail.com




राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, समाजवाद

नेपाली काँग्रेस १४औं महाधिवेशन

झापा जिल्ला अधिवेशन २०७८ मंसीर ९ र १० गते

नेपाली काँग्रेस झापाको सभापति पदका उमेद्वार श्री देउकुमार थेवे नेतृत्वको समावेशी टिमलाई अत्यधिक मतले विजयी गराऔं ।

निडर, हक्की, स्पष्टवादी र पारदर्शी नेतृत्व ।
कार्यकर्ताको सुरक्षा, राष्ट्र र पार्टीहित केन्द्रित व्यक्तित्व ॥
संगठित काँग्रेस, सवल नेतृत्व आजको आवश्यकता ।
अग्रजहरुको सम्मान र युवालाई हौसला, हाम्रो प्रतिवद्धता ॥



शेरबहादुर भट्टराई, उपसभापति:उम्मेद्वार, मो. ९८५२६७११४८
देउकुमार थेवे, सभापति:उम्मेद्वार, मो. ९८५२६५०९९९
केशवराज पाण्डे, उपसभापति:उम्मेद्वार, ९८५२६७११३७



कृष्ण हुमागाई, सचिवः उम्मेद्वार, ९८५२६७२७५५
कमल भण्डारी, सहसचिवः उम्मेद्वार, ९८१७९१७५८५
कलेन्द्र राजवंशी, सहसचिवः उम्मेद्वार, ९८०४९३३७३४
नवीन विमली, सचिवः उम्मेद्वार, ९८५२६८३७९९

हामी भित्र 'म' – सबै अट्ने देश – सबैलाई जोड्ने काँग्रेस –

१४औं महाधिवेशन भव्यताका साथ सफल पारौं ।

देउकुमार थेवे जिताऔं अभियान
चुनाव प्रचार प्रसार समिति सचिवालय, झापा

## IMMEDIATE VACANCY ANNOUNCEMENT

**Balmiki Education Foundation** Announces Vacancy For the following post.

| S.N. | Post | Qualification/Experience |
|---|---|---|
| 1 | Lower Secondary In-charge | BA with 3 years of experince field |
| 2 | Primary Incharge | BA with Experience in field |
| 3 | Male/Female Hostel Incharge | Bachelors/ Degree |
| 4 | (+2) Secondary English Teacher | MA (English) |
| 5 | (+2) Social and life skill (Nepali Medium) | MA (Sociology) |
| 6 | Economics/ OBTE Teacher (X/VII) | MA (Eco/MBS) |
| 7 | Lower Secondary Computer Teacher | Bachelor's in Computer |

Interested candidates can submit their documents, CV along with handwritten application by 15th of mangsir.

Principal
**Balmiki Education Foundation**, Birtamode-1, Jhapa
PH: 023-540195 / 023-542820/ 9804952506

## जलेश्वर ट्रेडर्स

ISO: 9001: 2015 CERTIFIED COMPANY

भद्रपुर रोड, बिजुली अफिस दक्षिण, बिर्तामोड, झापा

सम्पर्क नं.
9852671114
9807971114



अन्तर्राष्ट्रिय गुणस्तरको नेपालमै बनेको आकर्षक तथा मजबुत **Super Market Department Racks** चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।

# २६० कुकुरको बन्ध्याकरण



**बिर्तामोड, मंसीर ८।** बिर्तामोडमा गत मंसीर ५ गते शुक्रवारदेखि शुरु भएको सामुदायिक कुकुर बन्ध्याकरण शिविर सम्पन्न भएको छ ।

हिमालयन एनिमल रेस्क्यु ट्रष्टको प्राविधिक सहयोगमा बिर्तामोड नगरपालिका अन्तर्गत पशुपंक्षी तथा मत्स्य विकास शाखाले नगरपालिकाको कार्यालय परिसरमा आयोजना गरेको वन्ध्याकरण शिविर बुधबार सम्पन्न भएको हो ।

शिविरमा भाले कुकुर ९० र पाथी कुकुर १५२ वटा गरी २६० वटा सामुदायिक कुकुरको बन्ध्याकरण गरिएको जनाइएको छ । शिविरमा सडकबाट उठाएर ल्याइएका १७ वटा सामुदायिक कुकुरलाई भने मारिएको छ । क्यान्सर लगायतका रोगबाट पीडित रहेका ती कुकुरहरुलाई औषधिको माध्यमबाट मुक्ति दिएको हिमालयन एनिमल रेस्क्यु ट्रष्टका सञ्चालक खगेश्वर भट्टराईले जानकारी दिए । उनले रोग अन्य कुकुरहरुमा समेत सर्ने भएकाले उनीहरुलाई मुक्ति दिन बाध्य भएको बताए ।

शिविरमा बन्ध्याकरण गरिएका सबै कुकुरहरुलाई रेविजविरुद्धको खोप समेत लगाइएको छ । बिर्तामोड नगरपालिकाले सडक सामुदायिक कुकुरको संख्या नबढोस् भनेर विगत ४ वर्षदेखि वन्ध्याकरण शिविरको आयोजना गर्दै आएको छ । शिविरमा हिमालयन एनिमल रेस्क्यु ट्रष्टका १२ जनाको टोलीले काम गरेको थियो ।

# मानव बेचबिखनमा अरोपमा दुई जना पक्राउ

**काठमाडौं, मंसीर ८।** बौद्ध भिक्षुको भेषमा मानव बेचबिखन तथा ओसारपसारमा संलग्न नवलपरासी देउचुली नगरपालिका-१७ ठेगाना भएका ३६ वर्षीय सन्तवीर लामालाई गत कात्तिक २९ गते प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं बौद्धस्थित सेतो गुम्बामा लामा पढाई गरिरहेका २ जनालाई सन्तवीरले आफू भारत कर्णाटक राज्यमा पर्ने मुडगोड लामा क्याम्प नम्बर १ स्यार गडेन मोनेष्ट्री गुम्बामा अध्ययन गरेको लामा गुरु भनी परिचय दिई कर्नाटकस्थित गुम्बामा गई लामा अध्ययन गर्‍यो भने राम्रो सुविधा पाइन्छ, नेपालको गुम्बामा पढाउने लामा (शिक्षक) पनि हुन पाइन्छ भन्ने जस्ता प्रलोभन देखाई दुबै जनालाई सिन्धुलीको वडा कार्यालयमा लगि सार गडेन बुद्धिस्ट कल्चर एशोसिएशनको लेटरप्याडमा भारतको कर्णाटकमा लैजाने सिफारिस दिलाई पाउँ भनी पत्र लेखी पीडितहरूको जन्मदर्ता समेत बनाउने क्रममा उनको गतिविधि शंकास्पद भएको जानकारी हुनासाथ खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उनले हालसम्म नेपालका विभिन्न जिल्लाहरूबाट थुप्रै बालकहरूलाई लामा अध्ययन गर्न लैजाने बहानामा भारतमा लगिसकेको र उनले भारत लैजान काठमाडौं आरुवारीमा रहेको झुगो कदम्पा गुम्बामा अन्य तीन जना १० देखि १४ वर्षसम्मका बालकहरूलाई राखेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ । ती बालकहरूलाई प्रहरी प्रधान कार्यालय मानव बेचविखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले उद्धार गरी बाल हेल्पलाईन सिविन रविभवन काठमाडौंको संरक्षणमा पठाई आवश्यक प्रकृया पश्चात मंसीर २ गते आफन्तको जिम्मा लगाएको थियो ।

उनी उपर जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति प्राप्त गरी थप अनुसन्धान भइरहेको मानव बेचविखन अनुसन्धान व्यूरो बबरमहलले जनाएको छ ।





## जग्गा बिक्रीमा

झापाको कनकाई-१ पर्यटकीयस्थल सिमसार जाने बाटोमा ३५ फुट मुख भएको १० धुर जग्गा विक्रीमा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८०८४५६५५१

## होटल बिक्रीमा

बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल विक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८०६०३३१५३, ९८२६९०३२५५


## सूचना

मिति २०७८ कात्तिक २६ गते सम्पन्न भएको आकाशगंगा बचत तथा ऋण सहकारी संस्था लि. र सूर्योदय दूग्ध उत्पादन सहकारी संस्था लि. बिर्तामोडबीचको एकीकृत साधारण सभाबाट यस संस्थाको नाम 'आकाशगंगा सूर्योदय बचत तथा ऋण सहकारी संस्था' राख्ने निर्णय भएको हुँदा सम्पूर्ण सदस्यहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । संस्थाको कार्यलय मेघा कम्प्लेक्स, बिर्तामोड-५ को दोस्रो तल्लामा रहेको समेत जानकारी गराइन्छ ।

अध्यक्ष

आकाशगंगा बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-५

# बालयौन दुरूपयोग गरेको अभियोगमा पक्राउ

**झापा, मंसीर ८।** १३ वर्षीया किशोरीलाई बालयौन दुरुपयोग गरेको अभियोगमा पर्वत जलजला गाउँपालिका-४ बस्ने २८ वर्षीय बिष्णु आचार्यलाई प्रहरीले पक्राउ गरेको छ ।

आचार्यले आफनो मोवाइलमा अश्लील भिडियो ती किशोरीलाई देखाई यौन दुर्व्यबहार गर्दै एकान्त ठाउँमा लगी ती किशोरीलाई बालयौन दुरुपयोग गरेको भन्ने जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उनी उपर बालयौन दुरुपयोग सम्बन्धी मुद्दामा जिल्ला अदालत पर्वतबाट ५ दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ ।

## नेतृत्वका ...

बस्नेतको सभापतित्वमा सम्पन्न कार्यक्रममा पूर्व सांसद डिल्लीप्रसाद सिटौला लगायतले बोलेका थिए ।

यता राम कट्टेल समूहका दुई जनाको नाम यस अघि नै सार्वजनिक गरिएपनि बाँकी उम्मेदवारको नाम वुधवार मात्रै सार्वजनिक गरिएको छ। कट्टेल समूहबाट उपसभापति पदमा केदार शम्शेर गिरी र प्रेम सम्बाहाम्फे उम्मेदवार रहने छन् ।

त्यस्तै सचिवमा विश्वदीप लिङ्देन लिम्बू र टोम राजवंशीको उम्मेदवारी रहने छ । त्यसैगरी सहसचिव पदमा उमाराम प्रसाई र पदम लिम्बू उम्मेदवार रहने राम कट्टेलको सचिवालयका संयोजक पुष्पराज पौडेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

१४औं महाधिवेशन अन्तर्गत काँग्रेस झापाको नयाँ नेतृत्व चयनका लागि आज विहीवार उम्मेदवारी दर्ता र मंसीर १० गते मतदान हुँदैछ । जिल्ला अधिवेशनमा ३ हजार ३ सय ६९ जना क्षेत्रीय प्रतिनिधि र वडा सभापतिहरुले मतदान गर्ने छन् । जसमा क्षेत्र नम्वर १ बाट ६ सय १७ जना, २ बाट ६ सय ४ जना, क्षेत्र नम्वर ३ बाट ६ सय ६२ जना, क्षेत्र नम्वर ४ बाट ७ सय ६२ जना र क्षेत्र नम्वर ५ बाट ७ सय ४४ जना क्षेत्रीय प्रतिनिधिले जिल्लाको नेतृत्व चयन गर्न मतदान गर्ने जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ ।

**प्रदेश अधिवेशनमा १७ सय प्रतिनिधि सहभागी हुने**

मंसीर १६ गते हुने प्रदेश अधिवेशनको उद्घाटन सत्रमा १७ सय प्रतिनिधि सहभागी हुने भएका छन् ।

नेपाली कांग्रेसको प्रदेश १ को अधिवेशनको उद्घाटनमा १७ सय प्रतिनिधि सहभागी हुने प्रदेश १ अधिवेशन आयोजक समितिका संयोजक कृष्णप्रसाद सिटौलाले बताए । १६ गते हुने अधिवेशनको उद्घाटन संयोजक सिटौलाले गर्ने निर्णय समेत भएको छ। अधिवेशन आयोजक प्रचार समितिका संयोजक राजिव कोइरालाले बिराट नर्सिङ होमको पूर्वपट्टि रहेको खाली जमिनमा उद्घाटन गर्दै कार्यसमितिको सम्पूर्ण कार्यक्रम जहदा रोडस्थित सिद्धी पार्टी प्यालेसमा हुने जानकारी दिए ।

अधिवेशनमा उपस्थित १७ सय प्रतिनिधिलाई आवासलगायत सम्पूर्ण व्यवस्थापनको जिम्मा नेपाली कांग्रेस मोरङ जिल्ला समितिले गर्ने कोइरालाले बताए। अधिवेशन सम्पन्न गर्न नेपाली कांग्रेस मोरङका सभापति डिगबहादुर लिम्बू संयोजक र केन्द्रीय सदस्यहरू अमृत अर्याल, पवन सारडा र आमन्त्रित केन्द्रीय सदस्य हसन अन्सारी सल्लाहकार रहेको अर्थ संकलन समिति गठन गरिएको छ ।

अधिवेशनको प्रचारका लागि नेपाली कांग्रेस प्रदेश संसदीय दलका नेता राजिव कोइराला संयोजक, नेपाल प्रेस युनियनका प्रदेश संयोजक लीलाबल्लभ घिमिरे सदस्य सचिव रहेको समिति बनेको वुधवार बिराटनगरमा आयोजित पत्रकार सम्मेलनकाबीच जानकारी दिइयो ।

नेपाली कांग्रेसको प्रथम प्रदेश अधिवेशनमा प्रदेश नम्बर १का १४ जिल्लाका २८ संघीय निर्वाचन क्षेत्रका क्षेत्रीय अध्यक्ष र संघीय महाधिवेशन प्रतिनिधिसहित २५ जनाका दरले ७ सय जना महाधिवेशन प्रतिनिधि, ५६ प्रदेश निर्वाचन क्षेत्रबाट १७ जनाका दरले प्रदेश क्षेत्रका क्षेत्रीय अध्यक्षसहितका प्रदेश अधिवेशन प्रतिनिधि गरी जम्मा ९५२ जना र यस प्रदेशका १९ जना कांग्रेसका केन्द्रीय सदस्यहरुका साथै भातृसंस्था र शुभेच्छुक संस्थाबाट समेत प्रतिनिधित्व हुने गरी प्रदेश अधिवेशनका मतदाता रहेका छन् ।

नेपाली कांग्रेस केन्द्रीय समितिले प्रदेश अधिवेशन सम्पन्न गर्न केन्द्रीय सदस्य कृष्णप्रसाद सिटौला संयोजक रहेको आयोजक समिति गठन गरेको छ। समितिका सदस्यहरु सम्बन्धित प्रदेशभित्रका केन्द्रीय सदस्यहरु, जिल्ला सभापतिहरु, प्रदेश सभा संसदीय दलका नेता र प्रदेश सभा सदस्यहरु, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, नगरपालिकाका प्रमुख र उपप्रमुख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु रहेका छन् । अधिवेशन सम्पन्न गर्न करिव एक करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

## प्रभु बैंक लिमिटेडको शाखा कार्यालय विर्तामोड झापाका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्तागर्न आउने बारेको ३५ दिने सार्वजनिक सुचना तथा धितो लिलाम बिक्री गर्ने बारेको ७(सात) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०७८/०८/०९ गते विहिबार, पूर्वाञ्चल दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ताभुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ताफछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ताफछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको ख ण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दीवोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, विर्तामोड, झापामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीकोलागि समेत यो सूचना प्रका शित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिनअर्थात मिति२०७८/०९/२२ गते विहिवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, विर्तामोड, झापामा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारण वश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

**ऋणी जमानतकर्ता तथा लिलाम विक्री हुने धितोको विवरण:**

**ऋणी : श्री अशोक खनाल**
(ना.प्र.नं.०१/२५४० मिति २०६३।०२।०७, जि.प्र.का.झापा) ।
ठेगाना : झापा जिल्ला मे.न.पा. वडा नं. १० (साविक मेचि नगर न.पा.वडा नं. ६) ।
बुवा : छविलाल खनाल ।
बाजे : श्री प्रसाद खनाल ।



**जमानतकर्ता : श्रीमती जसोदा खनाल**
(ना.प्र.न.६४३८०७०४, मिति२०४५।०१।०८ जि.प्र.का.झापा) ।
ठेगाना : झापा जिल्ला काकरभिट्टा न.पा. वडा नं. ८ (साविक मेचि नगर न.पा. वडा नं. ६) ।
बुवा : पुर्ण प्रसाद सिटौला ।
ससुरा : श्री प्रसाद खनाल ।
पति :छविलाल खनाल ।



**जमानतकर्ता : छविलाल खनाल**
(ना.प्र.न.६४३८५०२३, मिति २०४५ जि.प्र.का.झापा) ।
ठेगाना : झापा जिल्ला काकरभिट्टा न.पा. वडा नं. ८ (साविक मेचिनगर न.पा.वडा नं. ६) ।
बाबु : श्री प्रसाद खनाल ।
बाजे:



**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**
जशोदा खनालको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, नकलबन्दा गा.बि.स वडा नं ८,नक्सा सिट ८ख स्थित कि.नं. २६९९ क्षेत्रफल ०-०-१३-० (२२०।११ व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत............................१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय विर्तामोड**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ तथा शाखा कार्यालय, विर्तामोडमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८


## हार्डवेयर पसल बिक्रीमा

अति व्यस्त अवस्थामा बिर्तामोडको माता मन्दिरमा रहेको हार्डवेयर पसल तु-बिक्रीमा भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८५२६७६५७२, ९८२४००१८१७

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams

वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ

प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर

अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५

नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## उपकार

ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधैं उपकार ब्राण्ड नै रोज्नुहोस् ।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## समतामूलक समाजको आवश्यकता

अंग्रेजी सम्वत अनुसार आज नोभेम्बर महिनाको २५ तारिख । आजको दिनलाई संयुक्त राष्ट्रसंघले महिला हिंसा अन्त्य दिवसका रुपमा मनाउन आह्वान गरे अनुसार विश्वभर विशेष कार्यक्रमको आयोजना गरिन्छ । समाजमा विद्यमान लैङ्गिक विभेद र हिंसाकाविरुद्ध ऐक्यबद्धता जनाउँदै त्यसविरुद्ध सचेतना प्रवाह गर्न मनाउन थालिएको यो दिवसले हिंसा न्यूनीकरणमा सहयोग गरेको विश्वास गरिन्छ । यस वर्ष 'ओरेन्ज द वर्ल्ड : इण्ड भ्वाइलेन्स अगेन्स्ट वोमेन नाउ' भन्ने नारा तय गरिएको छ । अर्थात् यो नाराले महिला हिंसा अन्त्यका लागि सुन्तला रंगलाई प्रतीक मानेर विश्वलाई सुन्तला रंगमा रंग्याएर अहिले नै महिला हिंसा अन्त्य गरौं भन्ने विम्वको माध्यमबाट संसारभरको समाजमा सचेतना प्रवाह गर्ने उद्देश्य लिएको छ । विश्वका धेरै महिलाहरुले अहिले पनि पुरुषहरुसँग समान तथा सम्मानपूर्वक प्रतिष्पर्धा गर्न पाएका छैनन् । चेतना र भौतिकताको विकास भइकन पनि महिला हुनुका कारणले भोग्नु परेको विभेदको सामना गर्नु परिरहेको छ ।

वैदिक सनातन धर्म, सभ्यताको प्रारम्भ बिन्दु नै हो । पूर्वीय सभ्यता भनिने यस मार्गमा महिला जातिलाई उच्च सम्मान पनि दिइएको छ । सिन्धु नदीको किनारमा विकसित यो सभ्यतामा 'जहाँ नारीको पूजा हुन्छ, त्यही ठाउँमा देवताहरु बस्छन्' भनेर महिला जातिलाई शिरमा राखेको छ । अनि पनि नेपाली समाजमै महिला विभिन्न प्रकारका हिंसाबाट प्रताडित छन् । विश्वको अध्ययन अनुसार प्रत्येक महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसा भोगेका छन् । प्रत्येक तीन जनामध्ये एकजनाले भोगेको यस्तो हिंसा आफन्तबाट, प्रेमी, जीवनसाथी वा विश्वास पात्रबाट हुने गरेको छ । यस्तो हिंसा कतै मानसिकरुपमा, कतै शारीरिक त कतै यौनजन्य हुने गरेका छन् । त्यस्तै महिला सवेदनामा ठेस पुर्‍याउनु, एक्लै र एकान्तमा अश्लिल बोली र व्यवहार गर्नु र यसो गर्नुलाई बहादुरी ठान्ने विकृत मानसिकताले ग्रस्त पुरुषको दुर्व्यवहार पनि महिला हिंसाकै उदाहरण हुन् ।

महिला हिंसा अन्त्य दिवस मनाउन शुरु गरेको दुई दशकभन्दा बढी भइसक्यो अनि पनि महिला हिंसा र उनीहरुमा गरिने भेदभावको अन्त्य भएको छैन । हाम्रो जन्म तिनै महिलाको कोखबाट भयो, उनैले खान, बोल्न, हिँड्न र संस्कार सिकाइन् । त्यही जातिलाई प्रकृति मानियो, सृजनाको प्रतिमूर्ति भनियो पनि तर त्यही जातिमाथि कहिले बोक्सीको नाममा, कहिले दाइजोको नाममा, कहिले विधवा र कहिले परम्परादेखि चल्दै आएको संस्कारका नाममा हिंसा हुनु सभ्यतामाथिकै अभिसाप हो । जंगली मानिसलाई दया, माया, प्रेम, हार्दिकता र सवेदनाले घरमान्छे बनाउने महिला जातिले एक्काइसौं शताब्दीमा पुग्दा पनि अपमानित भइरहनुले आधुनिकता र भौतिक विकास निरर्थक भएको छ । महिलामाथि हुने गरेको असमान व्यवहारको अन्त्य नभएसम्म पूर्वीय सभ्यताका जीवित देवी, धार्मिक कार्यका परिपूरक, सृजना, सहिष्णुता, सहअस्तित्वका पर्याय मातृजातिको सम्मान हुन सक्दैन । यसबेला दिनहुँजसो आइरहने सूचना, समाचारहरु, व्यभिचार तथा बालिका माथि हुने गरेको सबै प्रकारका दुर्व्यवहारका घटनाहरु मानव सभ्यताका कलंक हुन् । त्यसैले यी सबै विकृतिहरुको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्न हामी सबै सजग होऔं । महिलालाई सशक्तिकरण गर्दै हिंसा सधैंका लागि अन्त्य गर्न यो दिवस सहायक होस्, महिला हिंसा सधैंका लागि अन्त्य होस् ।

# शैक्षिक संघीयता र शिक्षामा राजनीति



उदय मैनाली

संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको सूचीमा रहने उल्लेख छ। साथै अनुसूची ८ लाई धारा ५७ को उपधारा ४, धारा २१४ को उपधारा २, धारा २२१ को उपधारा २ र २२६ को उपधारा १ सँग सम्बन्धित भनिएको छ। धारा ५७ अनुसार यो अधिकारको प्रयोग संविधान र गाउँ वा नगरसभाले बनाएको कानुन बमोजिम हुनेछ भनिएको छ।

तर, विद्यालय खोल्ने र बन्द गर्ने विषयमा होस् वा शिक्षकको सरुवा वा दरबन्दी मिलान अथवा विद्यालय स्थापनाकै विषयमै किन नहोस्, स्थानीय तहहरूले स्वतन्त्र ढंगले काम गर्न सकिरहेका छैनन्। प्रशासनिक संघीयता कार्यान्वयनको जटिलता र कर्मचारीतन्त्रको व्यवस्थापन गर्ने पद्धतिमा भएका कमजोरीले अहिले पनि एक तिहाइभन्दा बढी स्थानीय तहमा दरबन्दी र पद अनुसार शिक्षा शाखामा काम गर्ने कर्मचारी छैनन् र कहिलेसम्म भइसक्लान् भन्ने अनुमान पनि सहज छैन।




यसका अन्तर्निहित पक्षहरू थुप्रै छन्। सबै स्थानीय तहको अवस्था एउटै नभए पनि समग्रमा स्थानीय तहमा शिक्षा सुधारका थुप्रै प्रयास भएका छन्। जनप्रतिनिधिहरूमा केही गरौं भन्ने उत्साह पनि देखिन्छ। तर, त्यसमा राजनीतिक स्वार्थ र नाफाघाटाले प्रभाव पारेको छ। जनतालाई प्रत्यक्ष देखिने सडक, बत्ती, पानी जस्ता भौतिक पूर्वाधारको विकासप्रति बढी चासो छ र जनप्रतिनिधिको रुची पनि त्यतै देखिन्छ। शिक्षामा गरिएका प्रयास पनि भवन, शौचालय, खेलकुद, सीसीटीभी, विद्युतीय हाजिरी, कम्प्युटर जस्ता देखिने काममा बढी र कक्षाकोठाको शिक्षण सिकाइ सुधार्ने पक्षमा थोरै छन्। भौतिक पूर्वाधार सुधार हुनुपर्छ, तर त्यो भन्दा महत्वपूर्ण हो– कक्षा कोठा सुधार्नु।

शिक्षामा व्यापक राजनीतिक प्रभाव र शिक्षक ज़स्तो गरिमामय र सम्मानित पेशामा आबद्ध रहेर पनी विभिन्न राजनीतिक दलको सक्रिय सदस्यतासहितको खुलेआम दलीय राजनीतिमा सहभागी हुने क्रम बढ़ेसँग़ै शिक्षा क्षेत्र अस्तव्यस्त बनिरहेको छ। यसको नियामक निकाय र स्थानीय तहको शिक्षा समिति र नेतृत्व चुपचाप मूकदर्शकमा सीमित छ।

धेरै स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको लहरै चलेको छ। यो सकरात्मक प्रयास हो। तर, केही स्थानीय तहमा पाठ्यक्रम बनाउने र पाठ्यपुस्तक लेख्ने काम परामर्शदाता संस्थाहरूलाई जिम्मा लगाउने ठेकेदारी प्रथासमेत देखिनुले राम्रो सन्देश दिएको छैन। स्थानीय स्तरमै शिक्षकहरूबाटै यस्तो काम गराउनु सान्दर्भिक हुन्छ। प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गर्ने अभ्यास पनि भएको छ। तर, त्यसको प्रभावकारी अनुगमन हुन सकिरहेको छैन।


कतिपय पालिकामा जनशक्ति अभावमा गर्न चाहेका धेरै काम गर्न नसकेको अवस्था छ। केही पालिकाले विद्यालय तहको परीक्षा आफैंले लिन लागेका छन्। विद्यालयहरूलाई पठनपाठनका सन्दर्भमा दिनुपर्ने स्वायत्तता पालिकाले आफूमा निहित गर्न खोजेको पनि देखिएको छ। नियमित पठनपाठनको अनुगमन तथा निरीक्षण गर्ने, आवश्यक साधनस्रोत उपलब्ध गराउन सहजीकरण गर्नुपर्नेमा पालिकाहरूमा नियन्त्रण गर्ने सोच हावी हुनुलाई विद्यालयको स्वायत्तताको सन्दर्भमा सकारात्मक मान्न सकिन्न। वर्षौंदेखिको समस्याको रूपमा रहेको शिक्षक दरबन्दी मिलानमा पालिकाहरूले उत्साहजनक रूपमा काम गरिरहेको देखिन्छ र यसमा संघीय सरकारको भूमिका पनि सहयोगी नै देखिएको छ।

पालिकाहरूमा शिक्षाको काम गर्ने जनशक्तिको व्यवस्थापन अझै प्रभावकारी हुन सकेको छैन। कार्यरत जनशक्तिमा पनि उत्प्रेरणाको अभाव देखिन्छ र आफूभन्दा कनिष्ठको मातहत काम लगाइएको अवस्था छ। शिक्षा प्रशासन र व्यवस्थापन उच्च प्राविधिक विषय नभए पनि यसका केही पक्ष साधारण ज्ञानले मात्र कार्यसम्पादन गर्न कठिन हुन्छ। संघीय सरकारले एक सयभन्दा बढी विद्यालय हुने पालिका र २०-२५ वटा मात्र विद्यालय भएका पालिकामा एउटै ढाँचामा कर्मचारीको संख्या तोकेको छ। जुन पूर्णतः अव्यावहारिक छ र विद्यालय संख्याका आधारमा यसलाई परिवर्तन गर्नु जरुरी छ।

जनप्रतिनिधिहरूको स्वार्थ अनुकूल काममा सहयोग नगरी विधि र प्रक्रियाबाट गर्न खोज्ने कर्मचारीलाई अपमानजनक व्यवहार गर्ने प्रवृत्ति देखिएको छ। राजनीतिक आस्थाका आधारमा विद्यालयहरूलाई सेवासुविधा वितरण गरेका उदाहरणहरू पनि बेलाबखत सञ्चारमाध्यममा आउने गरेका छन्। केही पालिकाले चार-पाँच महिनासम्म शिक्षकलाई तलबभत्ता समयमै उपलब्ध गराउन सकिरहेका छैनन्। शिक्षकहरूलाई समयमै तलबभत्ता उपलब्ध गराउनेतर्फ पालिकाहरू जिम्मेवार हुनैपर्छ।

कोरोना महामारीमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा संघको निर्देशनलाई मात्र अनुसरण गर्ने प्रवृत्ति देखियो, थोरै पालिकाले मात्र स्थानीय अनुकूल अभ्यासहरू सञ्चालन गरे। पालिकाहरूको शैक्षिक सुधार अभियानमा संघीय सरकार र यसका निकायहरू सहयोगी हुनु जरुरी छ। सबैलाई एकै प्रकारको निर्देशन दिनेभन्दा पालिकाहरूलाई स्थानीय परिवेश अनुकूलका निर्णय गर्न सघाउन, शिक्षण सिकाइलाई प्रभावकारी बनाउन, विद्यालयमा सिकाइका न्यूनतम् पूर्वाधार विकास गर्न तथा शिक्षक व्यवस्थापन गर्न सके सार्वजनिक शिक्षा सुधारको प्रयास प्रभावकारी हुनेछ।

## जाडोमा यसरी जोगाऔं मुटु



खानेकुरा मिठो लाग्ने, खाएको खानेकुरा राम्ररी पच्ने, घाम ताप्न पाइने, तात्तातो चिया, कफी र सुप खान पाउने भएर धेरैलाई जाडो मौसम मनपर्ने गर्छ। खान र लगाउनका लागि जाडो मौसम राम्रो भए पनि स्वास्थ्यको दृष्टिकोणले जाडो मौसम अरू मौसमको तुलनामा त्यति राम्रो मानिँदैन।

जाडो मौसम बिशेषतः मुटुका बिमारीहरूका लागि राम्रो मानिँदैन। एक अध्ययन अनुसार जाडो मौसममा हर्ट अटेक, हर्ट फेलियर र अर्थिमिया (मुटुको चालमा हुने समस्या) हुने सम्भावना बढी हुन्छ। जाडो मौसममा हाम्रो शरीर र मुटुलाई शरीरको तापक्रम बढाउन बढी मेहनत गर्नुपर्ने हुन्छ। जसको कारण मुटुमा बढी दबाब परिरहेको हुन्छ। यस्तो अवस्थामा मुटु कमजोर भएको खण्डमा हर्ट फेलियर हुने सम्भावना बढी हुन्छ।

मुटुका बिमारीहरूलाई जाडो मौसम किन बढी खतरनाक हुन्छ भन्ने विषयमा स्वास्थ्य विशेषज्ञहरूले धेरै पक्षहरूको अनुसन्धान गरेका छन्। उनीहरूका अनुसार जाडो मौसममा तापमान धेरै कम हुन्छ यस्तो अवस्थामा कुनै पनि व्यक्तिलाई मनोवैज्ञानिक रूपमा शरीरलाई तातो बनाउने सङ्केत प्राप्त हुन्छ। चिसो मौसममा शरीरले उचित तापक्रम नपाउँदा रक्त नलीहरूमा संकुचन भएर र रगतको प्रवाह मुटुमा राम्ररी हुन पाउँदैन। यस्तो अवस्थामा मुटु र शरीरमा अक्सिजनको मात्रामा निकै कमी हुन्छ। जसको कारण हृदयाघात हुने सम्भावना बढी हुन्छ।

स्वास्थ्य विशेषज्ञका अनुसार जाडो मौसममा मुटुको समस्या बढ्नुको कारणमा वायु प्रदूषण, शारीरिक अभ्यासको कमी पनि हो। यो बाहेक मानसिक दबाब, खानपिनमा रहेको नराम्रो लत र चिसो मौसममा देखिने विभिन्न किसिमका भाइरल इन्फेक्सन पनि हुन्। मुटुको समस्या पहिला देखि भएका व्यक्तिहरूलाई जाडो मौसम अझ बढी खतरनाक हुनसक्छ। जाडो मौसममा उनीहरूलाई श्वास प्रश्वास गर्न पनि अप्ठेरो भइरहेको हुन्छ भने उनीहरूलाई विभिन्न किसिमका फ्लु र निमोनिया हुने सम्भावना पनि बढी हुन्छ।

यो समस्याको समाधान नहुने भन्ने पनि होइन। स्वास्थ्य विशेषज्ञहरूका अनुसार जाडो मौसममा न्यानो हुने लुगा लगाउने, टाउको छोप्ने टोपीको प्रयोग गर्ने, धुमपान र मदिरा सेवन नगर्ने, योग र शारीरिक व्यायाम गर्ने, शरीरलाई चलायमान बनाइराख्ने गर्नुपर्छ। यो बाहेक राम्ररी निदाउनु पनि यो समस्याबाट बच्ने अर्को उपायको रूपमा रहेको छ।

स्वास्थ्य विशेषज्ञहरूका अनुसार जाडो मौसममा खानपानमा पनि विशेष ध्यान दिनुपर्छ। यो मौसममा धेरै नुनिलो र गुलियो खानेकुरा खानु हुँदैन। यस्तो बेलामा शरीरलाई सन्तुलित बनाउन हरियो सलादको नियमित सेवन गर्ने र स्वास्थ्य परीक्षण गर्नेगर्नु नै जाडो मौसममा मुटु रोगको समस्या हुन नदिने केही उपायहरू हुन्। यो गर्दागर्दै पनि तपाईंलाई कुनै किसिमको असजिलो महशुस भएमा चिकित्सकको परामर्शमा जानु सबैभन्दा राम्रो हुन्छ। *लोकपथ*

## ज्येष्ठ नागरिकलाई घर घरमा सम्मान



**बिर्तामोड, मंसीर ८।** बिर्तामोड नगरपालिकाले १०० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई घर-घरमा पुगेर सम्मान गरेको छ।

मंगलबार नगर प्रमुख ध्रुवकुमार शिवाकोटी, उपप्रमुख पवित्रा महतारा प्रसाई, कर्मचारीहरु महिला विकास निरिक्षक पुष्पा कार्की, सहायक महिला विकास निरिक्षक युग कुमारी भट्टराई लगायतको टोलीले नगरका विभिन्न वडामा पुगेर पोषिलो खानेकुरा र नगदसहित न्यानो कपडाले ज्येष्ठ नागरिकहरुलाई सम्मान गरेको हो।

सम्मानित हुनेहरुमा बिर्तामोड नगरपालिका वडा नम्बर २ का एक दम्पत्ती १०४ वर्षीय मोतीलाल बाँस्तोला, १०२ वर्षीया विष्णुमाया बाँस्तोला, वडा नम्बर २ चैतुवारी कि १०६ वर्षीया कौशिला खरेल, वडा नम्बर ३ देउनियाका १०० वर्षीय पुण्यप्रसाद तिम्सिना, वडा नम्बर ६ वरगाछीका १०६ वर्षीय भीमलाल बराल, वडा नम्बर ८ कि १०० वर्षीय तीलमाया मगर र वडा नम्बर ९ का १०१ वर्षीय रत्नबहादुर थापा रहेका छन् । नगर प्रमुख ध्रुवकुमार शिवाकोटीले ज्येष्ठ नागरिकहरुलाई सम्मान गरेर आशीर्वाद लिएको बताए। आमा-बाबु भगवान रहेको भन्दै उनले सबैले वृद्धवृद्धालाई माया र सम्मान गर्न आग्रह गरे। नगर प्रमुख शिवाकोटीले यसअघि असोज १५ गते अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका दिन पनि नगरपालिकाले १०० वर्षभन्दा मुनिका ज्येष्ठ नागरिकलाई सम्मान गरेको जानकारी दिए।

त्यस्तै नगरकी उपप्रमुख पवित्रा महतारा प्रसाईले १०० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई नगरसम्म जानका लागि झन्झट हुने भएकाले घर-घर मै पुगेर सम्मान गरिएको बताइन्।

नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९को महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिक शीर्षकमा रहेको नियमित कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गरिएको हो। नगरपालिकाले यसअघि असोज १५ गते अन्तर्राष्ट्रिय ज्यष्ठ नागरिक दिवसका दिन परोपकार वृद्धाश्रममा रहेका ३४ जना वृद्धवृद्धालाई पोषिलो खानेकुरा वितरण गरेको थियो।

## अभिमुखीकरण कार्यक्रम

**झापा, मंसीर ८।** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एकदिने अभिमुखीकरण कार्यक्रम बिर्तामोडमा सम्पन्न भएको छ।

बिर्तामोड नगरपालिकाको रोजगार सेवा केन्द्रको आयोजनामा आर्थिक वर्ष २०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत वडागत रुपमा छनोट भएका आयोजनाहरु सञ्चालन सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका नगर प्रमुख ध्रुवकुमार शिवाकोटीले नगरभित्रका उद्योग तथा कल कारखानाहरुमा स्थानीय कामदारहरुले काम पाउनुपर्ने धारणा राखे। भारतबाट आएका मजदुरहरुले काम गरीरहेको भन्दै उनले स्थानीय क्षेत्रमा स्थानीय कामदारहरुले काम पाउनुपर्ने बताए। यसबारेमा उद्योग तथा कलकारखानाहरुसँग समन्वय गर्न सम्बन्धित शाखालाई आग्रह समेत गरे।

कार्यक्रममा नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईले सबै वेरोजगारहरुलाई राज्यले सकेसम्म धेरै रोजगारको व्यवस्था गर्नुपर्ने बताए। उनले रोजगार दाताले दिएको काममा सबैले ध्यान दिएर गर्न पनि सहभागीहरुलाई आग्रह गरे।

कार्यक्रममा नगरका प्रमुख प्रशासकीय अधिकृत गणेशप्रसाद दाहालले नेपाल सरकारबाट सञ्चालित भएका योजना तथा कार्यक्रमहरुमा वेरोजगारहरुलाई वर्षमा एक सय दिन रोजगार दिने नीति रहेको बताए। उनले रोजगारसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु नगरका १० वटै वडामा छनोट भई सकेको पनि जानकारी दिए।

कार्यक्रममा बिर्तामोड नगरपालिका वडा नम्बर १, २, ३ र ४ का १५ जनाभन्दा बढीले सहभागिता जनाएको नगरको रोजगार सेवा केन्द्रका प्रमुख होमनाथ भट्टराईले जानकारी दिए।

## उत्कृष्ट करदातालाई सम्मान



**कमल, मंसीर ८।** उत्कृष्ट करदातालाई सम्मान गर्दै आन्तरिक राजश्व कार्यालयले दमकले दशौं राष्ट्रिय कर दिवस एवम् कर सप्ताहको समापन गरेको छ।

'स्वेच्छिक कर सहभागिता अभिवृद्धि : सुशासन विकास र समृद्धि' भन्ने मूल नाराका साथ मंसीर १ गतेबाट शुरु भएको दशौं राष्ट्रिय कर दिवस एवम् कर सप्ताहको समापनका अवसरमा लाईफलाईन अस्पताल दमकका सञ्चालक बालचन्द्र सुब्बालाई आर्थिक वर्ष २०७७/०७८ मा सबैभन्दा बढी आयकर तिरेको भन्दै सम्मान गरिएको थियो।

त्यसैगरी कार्यलयले कर सप्ताहका अवसरमा 'स्वेच्छिक कर सहभागिता अभिवृद्धि : सुशासन विकास र समृद्धि' शीर्षकमा वक्तित्वकला प्रतियोगिता आयोजना गरेको थियो। कार्यक्रममा प्रथम दमक मल्टिमल क्याम्पसका गंगा प्रसाद खतिवडा द्वितीय युनिक कलेज दमककी छात्रा राधिका खत्री तथा तृतीय दमक मल्टिमल क्याम्पसकी निरुपा थापालाई कार्यालयले दोसल्ला, सम्मानपत्र र नगदद्वारा सम्मान गरिएको कार्यालयले जनाएको छ।

आन्तरिक राजश्व कार्यालयले दमकका प्रमुख करअधिकृत डमरुप्रसाद पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा दमक उद्योग संघका अध्यक्ष गोकुल श्रेष्ठ, कमल उद्योग वाणिज्य संघका अध्यक्ष उमानाथ भण्डारी लगायतको सहभागिता रहेको थियो।

# मोरङमा बाख्रापालन कार्यक्रम




**पथरीशनिश्चरे, मंसीर ८।** विश्व बैंकको सहयोगमा नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत नेपाल लाइफस्टक सेक्टर इनोभेसन आयोजनाले मोरङको पथरीशनिश्चरे वडा नं. २ मा सञ्चालन गर्ने भएको छ।

उन्नत बाख्रापालन व्यवसाय सम्बन्धी कार्यक्रममा भएको थियो। सो कार्यक्रममा वडा नम्बर २ र ३ का कृषकहरुको सहभागिता रहेको थियो। कार्यक्रममा ३ नम्बर वडाध्यक्ष डम्बरबहादुर चेम्जोङ, नगरको पशुपन्छी शाखा प्रमुख हेमचन्द्र दहाल, इनोभेसन योजनाका पशुसेवा सामाजिक परिचालक चुडामणि बस्नेत, गुहेश्वरी मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडका पथरी शाखा प्रवन्धक कुँवेर दहाल, हरियाली सामुदायिक वनका अध्यक्ष काबुलबहादुर मगर, कृषक रुपमान आङ्थुपोले मन्तव्य व्यक्त गर्दै खसी बाख्रा व्यवसायले नगरलाई चिनाउने अभियानमा लाग्न उत्प्रेरित गरे।

इनोभेसन आयोजना तथा पशुपन्छी व्यवसायको विकासमा प्राविधिक सहयोग पुऱ्याउँदै आउने नगरका पशुपन्छी शाखा प्रमुख दहाललाई सम्मानपत्रले सम्मान गरिएको थियो। पूर्वी मोरङ बाख्रापालक कृषक समूहका लागि सञ्चालन हुने उपआयोजना मार्फत खोर र कम्पोष्ट पिठ निर्माणका अतिरिक्त बाख्रा, बोका एवम् मेसिनरी सामग्री, घाँस र दाना खरिद गरिने छ। जसबाट उन्नत खसीको मासु तथा पाठापाठी उत्पादन गरि कृषकलाई व्यवसायिक वनाइने लक्ष्य रहेको समूह अध्यक्ष प्रेमा श्रेष्ठले बताए।

हाल समूहमा छ जना महिला र चार जना पुरुष गरी १० जना कृषक आवद्ध रहेका छन्। विश्व बैंकको ५६ लाख ५१ हजार (५० प्रतिशत), गुहेश्वरी मर्चेन्ट बैंकको ३४ लाख (३० प्रतिशत) र समूहको २२ लाख ५१ हजार नौ सय ५० (२० प्रतिशत) गरी एक करोड १३ लाख तीन हजार नौ सय रुपैयाँको कार्यक्रम स्वीकृत भएको छ।

पशुपन्छी शाखा प्रमुख दहाल र इनोभेसन आयोजनाका सामाजिक परिचालक बस्नेतले अनुगमन गर्दै इनोभेसन आयोजनाको सहयोगमा वडा नम्बर २ स्थित चिनारी सहकारीले प्राप्त गरेको दूध चिस्याउने चिलिङ भ्याट मेसिनलाई सही तवरले अविलम्व उपयोग गर्न समेत सूचित गराए।

# दमकबाट जुवाडे पक्राउ

**दमक, मंसीर ८।** दमक नगरपालिका- ५ का टेकबहादुर कार्कीको घरकोमा तास खेलिरहेको अवस्थामा नौ जना पक्राउ परेका छन्।

पक्राउपर्नेमा घरधनी ४६ बर्षीय टेकबहादुर कार्की, सोही स्थानका ५१ बर्षीय कुशराज खत्री, ५४ बर्षीय सुरेश भण्डारी, ३८ बर्षीय नारायण कडरिया, ४१ बर्षीय सूर्य न्यौपाने, ४८ बर्षीय खगेन्द्र भुजेल, ४० बर्षीय खगेन्द्र राजवंशी,



सोही स्थान ८ का २९ बर्षीय प्रदिप थापा र कमल गाउँपालिका-५ का ३० बर्षीय सुरेश सुब्वा रहेका छन्।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट गएको प्रहरी टोलीले उनीहरुलाई तीन बुङ तास र नगद २९ हजार सात सय ४५ रुपैयाँसहित पक्राउ गरिएको छ। पक्राउ परेका उनीहरुको थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ।

# तेजपातले मूल्य नपाउँदा कृषक निराश

**उदयपुर, मंसीर ८।** जिल्लामा लामो समयदेखि व्यावसायिकरूपमा तेजपात (सिन्कौली) खेती गर्दै आएका कृषकले उत्पादन गरेको तेजपात बिक्री गर्ने सिजन शुरु भएर बिक्री हुन थाले पनि मूल्यवृद्धि नहुँदा कृषक निराश बन्न थालेका छन्।

जिल्लामा लामो समयदेखि तेजपात उत्पादन गर्दै आएका कृषकले पाँच/छ वर्षदेखि अहिलेसम्म पनि पुरानै बजार मूल्यमा तेजपात बिक्री गर्नुपरेका कारण आफूहरूले घाटा सहेर भए पनि बाध्य भई तेजपात बिक्री गरेको गुनासो कृषकको छ।

तेजपात खरिदकर्ता तथा व्यापारीले अहिले पनि विगत वर्षकै बजार भाउमा नै तेजपात खरिद गर्ने गरेको र उनीहरूले समय अनुसारको मूल्यवृद्धि गर्न नमान्दा पुरानै मूल्यमै तेजपात बिक्री गर्नुपरेका कारण आफूहरूले वर्षेनि ठूलो घाटा व्यहोर्नुपरेको रौता मुर्कुचीका देवराज मगरको गुनासो छ।

त्यस्तै उदयपुरगढी डुम्रेका तेजपात उत्पादक कृषक भक्तबहादुर घलेमगरले तेजपात खरिदकर्ता तथा जिल्लाका बिचौलिया व्यापारीका कारण आफूहरुले अहिलेसम्म सही मूल्य पाउन नसकेको बताए।

समयानुसार तेजपात खरिदकर्ताले मूल्यवृद्धि गर्न नमान्ने र उनीहरुले कृषकबाट सस्तोमा तेजपात खरिद गरेर अन्यत्र बजारमा दोब्बर मूल्यमा बिक्री गर्ने गरेको समेत कृषकको आरोप छ। जिल्लाका तेजपात व्यापारी तथा खरिदकर्ता बिचौलिया बनेर मूल्यवृद्धिमा बाधक बनेका कारण आफूहरूले लामो समयदेखि तेजपातको उचित मूल्य पाउन नसक्दा अन्यायमा पर्दै र तेजपात उत्पादक कृषकको पक्षमा अहिलेसम्म पनि जिल्लाका अधिकांश जनप्रतिनिधि, स्थानीय सरकारसहित, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि कसैले पनि यसतर्फ वास्ता नगरेका कारण आफूहरुको गुनासो र आवाज सुनुवाइ नभएको सम्बद्ध कृषकको गुनासो छ।

# झापा र सुनसरीबाट दुईजना पक्राउ

**सुनसरी, मंसीर ८।** कनकाई नगरपालिका-७ बिरीङबाट लागूऔषध ब्राउन सुगरसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सोही स्थानका २८ बर्षीय सुप्रकाश राई रहेका छन्। जिल्ला प्रहरी कार्यालय झापा र लागूऔषध नियन्त्रण कार्यालय ब्यूरोबाट खटिएको प्रहरी टोलीले उनलाई ब्राउन सुगर पाँच ग्रामसहित पक्राउ गरेको हो।

पक्राउ परेका राईको इलाका प्रहरी कार्यालय अनारमनीबाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

त्यस्तै सुनसरीको धरान-५ देउरालीका २४ वर्षीय अनम राईलाई नियन्त्रित औषधिसहित प्रहरीले पक्राउ गरेको छ।


अस्थायी प्रहरी पोष्ट देउरालीबाट खटिएको प्रहरी टोलीले उनको घर कोठाबाट नियन्त्रित औषधि ट्रामाडोल ४२५० ट्याब्लेट र स्पास्पेइन ४३०० ट्याब्लेट बरामद गरेको हो।

पक्राउ परेका राईको इलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।






यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## तु-आवश्यकता

काँकरभिट्टास्थित एक होटलका लागि निम्न कर्मचारीको आवश्यकता भएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

पद : फास्टफुड कुक
संख्या : १ (पुरुष)
अनुभवीलाई विशेष ग्राह्यता दिइने
सम्पर्क : ९८४२७५४२५४, ९८०२७५४२५४

## कर्मचारी चाहियो

बिर्तामोड-४, स्थित बस्नेत फ्रेस हाउसका लागि खसी काट्न र बेचन जान्ने मान्छे तु-चाहियो।
तलब सुविधा : १४०००+खान/बस्न
सम्पर्क : ९८०३४०१९७०

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।




सम्पर्क: ९८०८७०५२०६/९८६३९८३६६८, ९८०७९३०७४०/९८४०४९८३५५

## होटल तालिममा भर्ना खुल्यो

१००% रोजगारसहित CTETE बाट मान्यता प्राप्त होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसीयन होटल ट्रेनिङ्गको ५०% सहयोगमा अब हाम्रो बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो।

**तालिमहरु :**
- कुक, इण्डीयन, चाइनीज, कन्टीनेन्टल, इटालियन
- वेटर, हाउसकिपिङ्ग आदि

**हाम्रा विशेषताहरु**
- काठमाडौंको 5star होटलका सेफद्वारा तालिम दिइने
- तालिममा चाहिने सम्पूर्ण सामान काठमाडौंबाटै ल्याइने
- तालिम पछि आफै कम्पनीबाट विदेश पठाइने
- तालिममा दक्ष नभए पुनः रि-तालिम गरी दक्ष बनाइने
- तालिमपछि काठमाडौं लगायत विभिन्न ठाउँमा जब लगाइने छ।

सिट सिमित भएकोले आजै सम्पर्क गरौं।

**एसीयन हस्पिटालिटी प्रा. लि.,** बिर्तामोड, झापा

पश्चिम बस स्टेण्डबाट २०० मिटर दक्षिण (मो. ९८१२३५१२२६, ९८१२३५१२७२)

## UAE मा DPS र PSBD Security Guard हरुका लागि रोजगार

कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI, UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/०१ | चलानी नं.: ६०१६७८१९ | LT. No.:251015

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (ASSD) | 90 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard - SIRA | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ।

कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई DPS को हकमा ५ फिट ६ ईन्च र PSBD को हकमा ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ।
Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ।

अन्तर्वार्ता होटेल होलिडे होम, विर्तामोड, झापामा २०७८ मंसिर १० गते (26 Nov. 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Deluxe HR Solution (P.) Ltd.**

बिजुलीबजार पुल नजिक, काठमाडौं, फोन : ०१-५१७२६८४
Email: deluxehrsolution@gmail.com
Lic. No.: 956/067/068
Mobile: 9801445552, 9804909933

## UAE मा रोजगारको अवसर

**Skill Force Security Services-LLC Dubai Branch**

पूर्व स्वीकृती मिति: 2021/11/17 | चलानी नं: 60167805 | LT No.: 250316

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष/महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SIRA Security Guards | 100/30 | स. काममा दक्ष | 1200 | ३८,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |

**EHK Cleaning Services LLC**

पूर्व स्वीकृती मिति: 2021/11/17 | चलानी नं: 60167807 | LT No.: 250216

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | स. काममा दक्ष | 1350 | ४३,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |

**Valtrans Transportation Systems & Services LLC**

पूर्व स्वीकृती मिति: 2021/11/17 | चलानी नं: 60167808 | LT No.: 250146

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Traffic Sign Controller | 200 | स. काममा दक्ष | 1350 | ४३,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |

**Task fox Cleaning Services**

पूर्व स्वीकृती मिति: 2021/11/17 | चलानी नं: 60167805 | LT No.: 250734

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | स. काममा दक्ष | 1000 | ३२,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |

**Skill Force Security Services LLC, Abudhabi**

पूर्व स्वीकृती मिति: 2021/11/17 | चलानी नं: 60167813 | LT No.: 250909

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष/महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PSBD Security Guard | 100/30 | स. काममा दक्ष | 2000 | ६४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |

साथै यस कम्पनीमा Valet Parking Driver/Loundryman Porter/Cook/Asst Cook/Paratha Maker/Tandoori Maker हरुको पनि माग भई आएकोले इच्छुक व्यक्तिले माथि उल्लेखित नं. मा सम्पर्क गर्नुहोला।

फाइनल अन्तरवार्ता मंसीर १३ र १४ (29/30 Nov.) कोहिनुर होटल बिर्तामोडमा हुनेछ।

**The Link for Recruitment Consultancy Pvt. Ltd.** काठमाण्डौ
Lic.No.615

Kathmandu:
Shaan Banquet, Pepsicola
Interview Date: 27/28 Nov.
Contact: 9742829344/9887181920
9745401690/9808649275
9841232674/9848077583, 9823267798

Jhapa Contact:
Suman Lamsal:9852686505/9816086505
Biju Ghimire: 9852628075/9806018075

## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित होटलका लागि केही कर्मचारी आवश्यक परेको हुँदा दक्ष, इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।
कुक : १ जना
हेल्पर कुक : १ जना
सम्पर्क : ९८५२६७२५९६

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।




सम्पर्क: ०२३-५५२६२०, ९८४२६५५७००, ९८०४९३८१००




**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** बिग्रिएको सम्बन्ध सुधार्न निकै प्रयत्न गर्नुपर्ला। प्रक्रिया बिग्रनाले काममा बाधा हुन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** गोपनीयतामा सजग रहँदै प्रयत्न गर्दा विशेष जिम्मेवारी हातलागी हुनेछ। पुरुषार्थी काम गर्दै लाभ उठाउन सकिनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** स्वार्थका लागि साइनो गाँस्नेहरूबाट विशेष सजग रहनुहोला। मेहनतले लक्ष्यमा पुऱ्याउनेछ। कर्मयोगले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अरूको समस्याबारे चासो लिँदा आफैंलाई अप्ठ्यारो पर्न सक्छ। स्वास्थ्य कमजोर रहे प [redacted]
बढ्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा,** [redacted]
लागि समय र अर्थ खर्च गर्नुप [redacted]
पनि अध्यात्मभाव जागृत हुनाले [redacted]
प्रवृत्त भइनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण,** [redacted]
समय लागे पनि चिताएको का [redacted]
स्वास्थ्यका लागि खानपानमा [redacted]

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** दौडधुपमै समय बित्नेछ भने आँटेको काम समयमा पूरा गर्न नसकिएला। मेहनत गरिकन चिताएको मूल्य प्राप्त नहुने देखिन्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अध्ययनमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्नेछ। आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** हुलमुलमा धनमाल जोगाउन सजग रहनुपर्ला। स्वास्थ्यका लागि आराम र खानपानमा विशेष ध्यान दिनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** दिन मनोरञ्जनपूर्ण र उत्साहवर्द्धक रहनेछ। आँटेको काम बन्नाले भौतिक सुविधा बढ्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** रमाइला ठाउँको भ्रमण गर्ने अवसर जुट्नुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुने समय छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउन सक्छ। सामान्य अर्थ लाभ हुनेछ। रमाईलो यात्राको क्षण आउला।